# Sacrifice, in Nepali

## बलिदान

परमेश्वरको व्यवस्थालाई उल्लघंन गरेर सबै जनाले पाप गरेकाछन्, यसैले मानिसहरु परमेश्वरको रिसबाट बच्नको लागी विभिन्न उपाय, रिती, बाटो खोज्ने गर्दछन् । हाम्रो देशमा ब्रामण बोलाई अन्यजातीहरु वा मानिसहरुले पशुको बलि चढाउछन् ।

बेदमा बलिदानलाई मुक्तिको एकमात्र साधन बताईएको छ । "धर्माणी प्रथमानी" बलि दिनु हामीहरुको कर्तब्य मध्य प्रमुख हो ।

"यज्ञो वै भुवनस्य नाभि" - 'बलिदिनु संसारको आधार स्तम्भ हो ।'

"यज्ञे सर्वम प्रतिष्ठतम्" - 'बलिदानद्धारा प्रत्येक बस्तु प्राप्त हुन्छ ।'

"यज्ञो वै तुतराम नै" - 'बलिदानले नै जीवनलाई सुचारु रुपले ल्याउने एक मात्र नाउ हो ।'

"यज्ञन वा देवा दिवंगता" - 'केबल बलिदानबाट नै देबताहरुले स्वर्गको अधिकार प्राप्त गरेका थिए ।'

"ऋतस्य नः पथिनय अति विश्वानि दुरिता" - 'बलिदान द्धारा नै मोक्ष प्राप्त गर ।'

यि माथिको सिद्धान्तको घोषणा बेदमा ब्याख्या गरिएको छ । यसबाट के स्पष्ट हुन्छ भने सबै तपस्या मध्य सबै भन्दा उच्त स्थान बलिदान हुनु पर्छ र यो पापको पश्चातापको लागी गरिनु पर्छ ।

आउनुहोस हामी पनि हेरौं भागवत गीतामा के सन्देश दिएको छ ।

श्लोक : "सहयज्ञाः प्रजाः सृष्टवा पुरोवात प्रजापतिः ।

अनेन प्रविष्यहबमेष वो S स्त्विष्ट कामधुक ॥"

शुरुमा मानिसको सृष्टि गर्नुको साथै परमेश्वरले बलिदान गर्नु भयो र भन्नु भयो, "यसबाट तिमीहरुको मनको इच्छा पूर्णहोस् ।"

"यज्ञ ज्ञपित कलमशः" - 'उनीहरु जसको पाप बलिदानबाट मेटिन्छ ।'

"नायं लोकोपस्त्य यज्ञस्यकुक्तोडन्यः कुरुसत्तम" 'हे अधर्मि(कुलिन) अब यस संसारमा उसको लागी कुनै स्थान छैन जसले एउटा पनि बलिदान गरेको छैन तब यसले कसरी स्वर्ग प्राप्त गर्न सक्छ?'

यसप्रकार यहाँ बलिदानको महत्व बताईएको छ ।

मान्डोकोपनिषदमा हामी देख्छौं :- "प्लव ह्वोते अदृढा यज्ञ रुपः"

'बलिदान नाऊको काठ जस्तो मौन हुन्छ ।'

स्कन्ध पुराणको यज्ञ वै खण्डको सातौं अध्यायमा हामीहरु पढ्छौं,

श्लोकः "ल्पवा ह्वोते सुरा यज्ञा अदृढाश्व न शंसयः" 'हे देबता हो । बलिदान निसन्देश नाउको काठ समान मौन हुन्छ ।'

तान्ड्य महाब्रामण भन्नु हुन्छ स्त्रुः "यज्ञो व अवनी तस्य छाया क्रियते" 'बलिदानले नै छुटकरा दिन्छ हामी जे जे गर्छौं त्यो बलिदानको छायाँ मात्र हो ।'

ऋगबेदमा हामी पढ्छौं, स्त्रुः "आत्मदा बलदा यस्यच्छायाSमृतम-यस्य मृत्युः" – 'जसको छाँया अथवा मृतु बनेको छ उ आफ्नो छाया र मुतुबाट नै आत्मा र शक्ति दिन्छ ।'

माथिको भनाईबाट यो स्पष्ट हुन्छ की बलिादन आफैले छुटकारा दिदैन तर पनि यो त एक महान छुट्करा दिने खाताको बलिदानको छाँया मात्र हो ।

ऐतरेय ब्रामण भन्नु हुन्छ स्त्रुः "आत्मादा बलदा यस्यच्छायामृतम - यस्य मृत्युः" – जसको छाँया अथवा मृतु बनेको छ उ आफ्नो छाँया र मृतुबाट नै आत्मा र शक्ति दिन्छ ।" माथिको



http://www.sayadi-al-nas.com